PRESS RELEASE

**नेपाल प्रहरी प्रधान कार्यालय**
**मानव बेचविखन अनुसन्धान ब्यूरो**
**बबरमहल, काठमाण्डौ।**
**मितिः २०७९/११/१६ गते।**

फोनः ०१-५३३९५६९, ९८५१२९२२००, ०१-५३४११७७

# प्रेस विज्ञप्ति-५

# Press Release - 5

## मानव बेचबिखन कसुरमा संलग्न प्रतिबादी पक्राउ।

**पक्राउ व्यक्तिको विवरणः-**

**नामः-** गणेश लिम्बु भन्ने गणेश बहादुर लावती

**वतनः-** जिल्ला मोरङ साबिक वयरबन गा.वि.स.वडा नं.०३ हाल कानेपोखरी गा.पा.वडा नं.०३ हरकपुर स्थायी घर गरी बस्ने वर्ष ४४ को गणेश बहादुर लावती।

**पक्राउ मितिः-**२०७९/११/११ गते।

**पक्राउ स्थानः-** जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं.०७ चावहिल।

**घटनाको छोटकरी विवरणः-**

जाहेरवाला परीबर्तित नाम २६ बबरमहल (१३३) लाई प्रतिवादीहरु गणेश लिम्बु, लिना श्रेष्ठ समेतले बैदेशिक रोजगारको लागी फ्रि भिसा, फ्रि टीकटमा युनाईटेड अरब ईमिरेट्स दुबईमा क्लिनरको काममा पठाईदिन्छु भनी विभिन्न किसिमको प्रलोभनमा पारी युनाईटेड अरब ईमिरेट्सको श्रम स्विकृती समेत गराई मिति २०७९ /१०/०३ गते निज जाहेरवाला लगायत अन्य समेतलाई काठमाडौ त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट दुबई भनी ओमनको मस्कोट सम्म पुर्याई निज जाहेरवालालाई ओमनी घर मालिकको घरमा जबरजस्ती घरायसी काममा लगाई ३०००/- ओमनी रियलमा बिक्री गरी बन्धक बनाई विभिन्न शारिरिक तथा मानसिक यातना दिएको अवस्थामा निज जाहेरवालाले नेपालमा रहेका आफन्तलाई खबर गरे पश्चात निजका आफन्तले निजलाई नेपाल फिर्ता गराउनका लागी प्रतिबादीहरुले भने अनुसारको विभिन्न मानिसहरुको नाममा रु.२,५०,०००।-(दुई लाख पचास हजार) रकम जम्मा गरीदिए पश्चात निज जाहेरवाला मिति २०७९।१०।२४ गते नेपाल फर्कन सफल भएको भन्ने मानब बेचविखन तथा ओसारपसार मुद्दामा निज प्रतिबादी गणेश लिम्बु भन्ने गणेश बहादुर लावतीलाई मिति २०७९/११/११ गते जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं.०७ चावहिलबाट पक्राउ गरी सम्मानित काठमाडौ जिल्ला अदालतबाट दिन सातको म्याद अनुमति लिई थप आवश्यक अनुसन्धान कार्य भईरहेको।

**प्रवक्ता**
**(कृष्ण प्रसाद पगेनी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बरः ९८५१२८१३३०**